कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

### <u>अन्तरक्रिया कार्यक्रम सम्बन्धी प्रेस नोट</u>

आज मिति २०८२/०९/०२ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहलको आयोजना र नेपाल पाउरोटी उद्योग संघ, काठमाडौंको सहकार्यमा विभागका महानिर्देशक डा. मतिना जोशी वैद्यज्यूको अध्यक्षता र नेपाल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष श्री अन्जन श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा "खाद्य पदार्थको स्तर निर्धारण प्रक्रिया" सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा विभागका उपमहानिर्देशकज्यूका साथै नेपाल पाउरोटी उद्योग संघ, नेपाल डेरी एसोसिएसन, नेपाल बोटल वाटर उद्योग संघ, खाद्य पदार्थ आयातकर्ताहरू, काठमाडौंमा रहेका बेकरी उद्योगी व्यवसायी, उद्योग वाणिज्य महासंघका पदाधिकारी लगायत विभिन्न सरोकारवाला तथा विभागका कर्मचारीहरू सहित कुल ९० जनाको उपस्थितिमा सम्पन्न भएको थियो। कार्यक्रममा नेपाल हार्ट फाउन्डेसनका वरिष्ठ सदस्य डा. सुशिला वैद्यज्यूले **ट्रान्स फ्याटले मानव स्वास्थ्यमा पार्ने असर सम्बन्धी जानकारीको** कार्यपत्र, विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत श्री मोहन कृष्ण महर्जनज्यूले **खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ मा भएका मुख्य प्रावधानहरू सम्बन्धी जानकारी**को कार्यपत्र र विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत डा. बाल कुमारी शर्माज्यूले **खाद्य पदार्थको अनिवार्य गुणस्तरको स्तर निर्धारण प्रकृया र खाद्य पदार्थमा ट्रान्स फ्याटको अनिवार्य गुणस्तर सम्बन्धी जानकारीको** कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा मन्तव्यको क्रममा प्रमुख अतिथिज्यूबाट बेकरीजन्य खाद्य पदार्थमा ट्रान्सफ्याटको जोखिम न्यूनीकरण गर्नका लागि आयात बिन्दुमा नियमन साथै नेपालको परिप्रेक्षमात्र नभई

अन्तर्राष्ट्रिय अभ्यासहरू समेत मनन गरी यस सम्बन्धी नियमन साथै अन्य काम कारबाही गर्नुपर्ने विषयमा जोड दिनुभयो। साथै, ट्रान्सफ्याट सम्बन्धी समस्या हाल नेपालमा सार्वधिक जन चासोको विषय रहेको हुँदा सम्पूर्ण सरोकारवाला निकायहरू तथा विभागले हातेमालो गरेर अघि बढन आवश्यक रहेको र यसका लागि यति मात्र नभई अझ थप गहन छलफल र सहकार्य आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

अतिथि एवं नेपाल पाउरोटी संघका अध्यक्ष कमलराज अधिकारीले ऐन नियम कार्यान्वयनमा उद्योगीलाई पनि समेटेर लाग्नुपर्ने, नियम लागू गरे पश्चातः के कति सफल असफल भएको कुरा मापन गर्नुपर्ने र हाल ट्रान्स फ्याटको समस्या प्रशोधन कार्यमा हुने त्रुटिका कारणले गर्दा भएको हो भने उद्योगी व्यवसायीहरूलाई सुधार गर्न लगाउनुपर्ने र सो कार्यका लागि व्यवसायीहरू सधैं सकारात्मक रहेको टिप्पणी गर्नुभएको।

त्यसैगरी, कार्यक्रमका अध्यक्ष एवं विभागका महानिर्देशकज्यूले डा ट्रान्स फ्याटको स्रोतमा नै नियमन तथा नियन्त्रण गर्ने सकिने, विभागले मात्रै खाद्य स्वच्छता तथा गुणस्तरको कार्य गर्न कठिन भएकोले सबै सरोकारवालहरूले हातमालो गरेर अगाडी बढनु पर्ने, गुणस्तरहिन खाद्य पदार्थहरू बजारबाट फिर्ता (रिकल) गर्दा अहिले हामी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को कार्यान्वयनको प्रारम्भिक चरणमा भएकाले भविष्यमा सो ले सबैलाई सहज हुँदै जाने, अहिले बजारबाट रिकल गरिएका खाद्य पदार्थ उत्पादन गर्ने उद्योगको कैफियत देखिएको ब्याच नम्बर मात्र फिर्ता भएको तर पुरै उद्योग नै बन्द नभएको भन्दै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो।

छलफलको क्रममा सहभागीहरूबाट ट्रान्स फ्याट सम्बन्धी समस्यालाई सम्बोधन गर्न उद्योगीले खेल्नुपर्ने मुख्य भूमिका नेपाल सरकारबाट निर्दिष्ट हुनुपर्ने, उपभोक्ता जनचेतना/अभिमुखिकरण र

उद्योगीलाई नियमन गर्ने कार्य समानान्तर हिसाबले अघि बढाउनुपर्ने, खाद्य स्वच्छता तथा गुणस्तर ऐन सम्बन्धी जनचेतना बढाउने किसिमका थप कार्यक्रमहरू हुनुपर्ने, आदि जस्ता राय सुझाव प्राप्त भएका थिए।

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०९/०३

<u>कार्यक्रमका झलकहरू</u>




खाद्य पदार्थको स्तर निर्धारण प्रक्रिया सम्बन्धी
अन्तरक्रिया कार्यक्रम


खाद्य पदार्थको स्तर निर्धारण प्रक्रिया सम्बन्धी
अन्तरक्रिया कार्यक्रम








खाद्य पदार्थको स्तर निर्धारण प्रक्रिया सम्बन्धी
अन्तरक्रिया कार्यक्रम